फेदाप गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोक्लाबाङ, तेह्रथुम
कोशी प्रदेश, नेपाल

## स्वास्थ्य संस्थाहरुका लागि अत्यावश्यक औषधि तथा सर्जिकल सामान खरिद सम्बन्धी बोलपत्र आव्हानको सूचना ।

(दोस्रो पटक प्रकाशित मिति २०८०/११/२०)

प्रस्तुत विषयमा यस गाउँपालिका क्षेत्र भित्रका स्वास्थ्य संस्थाहरुलाई आ.व. ०८०/८१ का लागि आवश्यक पर्ने अत्यावश्यक औषधि तथा सर्जिकल सामान खरिद गर्नुपर्ने भएको हुँदा ईच्छुक औषधि आपूर्ति गर्न इजाजत प्राप्त भ्याटमा दर्ता भएका उत्पादक कम्पनी वा फर्मले दोस्रो पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र रु. ३०००।— (फिर्ता नहुने गरी) तिरी बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले तपसिलको शर्त/अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

## तपसिल

१. बोलपत्र खरिद गर्नका लागि निवेदकले आ.व. ०८०/८१ को नवीकरण गरेको कर चुक्ता प्रमाणपत्र वा सोसँग मान्य हुने अन्य कुनै लिखित कागजात, कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, औषधि व्यवसाय प्रमाणपत्र, आयकर तथा भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राख्नुपर्नेछ।

२. उक्त प्रक्रियामा सहभागी हुन आउँदा नवीकरणको म्याद समाप्त नभएको औषधि आपूर्ति गर्न इजाजत पत्र, मु.अ.कर मा दर्ता भएको र आ.व. ०८०/८१ को कर चुक्ता प्रमाणपत्र वा सो सँग सम्बन्धित कागजात संलग्न गरेको हुनुपर्नेछ ।

३. खरिद प्रक्रिया बोलपत्र माध्यमबाट मात्र गरिने भएकोले बोलपत्रदाताले सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र बोलपत्र फाराम खरिद गरिसक्नुपर्नेछ । बिक्री भै सकेका बोलपत्र फारामहरु १६ औं दिनको मध्याह्न ठीक १२ बजे रितपूर्वक लाहाछाप गरी विद्युतीय माध्यमबाट दर्ता गर्नुपर्नेछ । साथै दरभाउपत्र खरिद दस्तुर वापत आन्तरिक राजश्व खातामा जम्मा गरेको र सम्बन्धित ठेक्का नं. र बोलपत्रको नाम खुलेको राजश्व दाखिला भौचर पेश गर्नुपर्नछ । रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरु सोही दिनको ठीक १ बजे प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । उक्त बोलपत्र खोल्ने कार्यक्रममा बोलपत्रदाता वा निजको प्रतिनिधि

उपस्थित नभएमा खोल्न बाधा पर्नेछैन तर बोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो सम्बन्धी सम्पूर्ण कार्य सोको भोलिपल्ट सोही समयमा हुनेछ

४. बोलपत्र मार्फत कागजात खरिद गर्नका लागि नबिल बैंक लिमिटेड, फेदाप शाखामा रहेको यस गाउँपालिकाको राजस्व खाता नं. २३२०१०१७५०००३९ मा रकम जम्मा गर्नुपर्नेछ ।

५. बोलपत्र साथ नविल बैंक लिमिटेड फेदाप शाखामा यस गाउँपालिकाको धरौटी खाता नं. २३२०१०१७५०००२५ मा फर्मको नामबाट तपसिलमा उल्लेखित जमानत बापतको रकम जम्मा गरेको भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिले कम्तीमा ९० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त "क" बर्गका बाणिज्य बैकहरु मध्येबाट यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानत (विडबण्ड) पेश गर्नुपर्नेछ । सम्झौता सम्पन्न भएपछि मात्र बोद्यपत्र जमानत बापतको रकम फिर्ता गरिनेछ ।

६. बोलपत्रमा कबोल गरिएको दररेट अंक र अक्षरमा दुवै मा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिइनेछ । केरमेट भएको स्थानमा दस्तखत गरेको हुनुपर्नेछ ।

७. बैंक जमानत, परफरमेन्स ग्यारेन्टी, अग्रिम पेश्की लगायतका कागजातहरु सार्वजनिक खरिद अनुगमन कार्यालयबाट तोकिएको **Standard** ढाँचामा हुनुपर्नेछ । तोकिएको ढाँचामा अनुसार नभएमा मूल्यांकनमा समावेश गरिने छैन ।

८. सप्लाई हुने औषधि प्रत्येक प्याकिङको बाहिर उत्पादन मिति, म्याद, समाप्ती मिति, ब्याच नम्बर तथा "नेपाल सरकारको लागि निःशुल्क वितरण गरिने" भन्ने बाक्यांश अनिवार्य रुपमा राख्नुपर्नेछ र सम्भव भए सम्म हरेक पत्ता (Strips), बोत्तल ,भाइल, ट्यूव आदिमा उक्त वाक्यांश राख्नुपर्नेछ ।

९. खरिद हुने औषधिहरुको म्याद सम्बन्धमा औषधि स्टोरमा दाखिला हुने मितिमा कम्तीमा १८ महिनाको Expiry Date बाँकी हुनुपर्नेछ तर कुनै औषधिको Expiry Date जम्मा १८ महिना भन्दा कम हुने अवस्थामा जम्मा Selflife को कम्तीमा ७५ प्रतिशत म्याद बाँकी हुँदा दाखिला गर्न सकिनेछ ।

१०. सम्पूर्ण औषधिहरु खरिद गर्दा WHO GMP Certified Company बाट उत्पादित औषधिहरु मात्र खरिद गरिनेछ ।

११. प्राप्त हुन आएका बोलपत्र प्रतिस्पर्धाको आधारमा स्वीकार गर्ने अथवा पूर्ण रुपमा रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ । कार्यालयले आवश्यकता अनुसार औषधिहरु पटक पटक खरिद गर्नसक्नेछ ।

१२. उपर्युक्त उल्लेखित कागजातहरु पेश नगरेको बोलत्रदाताहरुको बोलपत्र उपर कुनै कारबाही हुने छैन साथै बोलपत्रदाताले अनिवार्य रुपमा उत्पादक कम्पनीको खरिदकर्ताको नाममा उल्लेखित बोलपत्रको लागि जारी गरिएको Authority letter बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

१३. सिरिन्ज, धुलो, झोल औषधिहरु बाहेक अन्य समपूर्ण औषधिहरु strip मा आपूर्ति गर्नुपर्नेछ

१४. एक विक्रेताको नाममा विक्री भएको बोलपत्र फाराम अर्को विक्रेताको नाममा दाखिला गर्न पाउनेछैन ।

१५. कार्यालयमा थप औषधि तथा सर्जिकल सामान आवश्यक भई खरिद गर्नुपर्ने भएमा सोही दररेट अनुसार थप खरिद गर्न पनि सकिनेछ । बोलपत्र मा पेश गरेको मूल्यमा यस आ.व.का लागि दररेट भएको हुँदा आगामी आषाढ मसान्त सम्म कुनै प्रकारको मूल्यवृद्धिलाइ स्वीकार गरिनेछैन ।

१६. बोलपत्र पेश गर्दा मू.अ.कर लाग्ने औषधि तथा सर्जिकल सामानमा मू.अ.कर सहितको दररेट पेश गर्नुपर्नेछ ।

१७. बोलपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउँदा कार्य सम्पादन जमानत बापत सम्झौता अंकको थप ५ प्रतिशतले हुन आउने रकम बराबरको मान्यता प्राप्त वाणिज्य बैंकबाट जमानत वा नगद माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

१८. बोलत्रदाताले बोलपत्र फारामको प्रत्येक पानाहरुमा नमेटिने मसीले सही गरी फर्म वा कम्पनीको छाप समेत लगाउनुपर्नेछ ।

१९. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य विषयको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद

फेदाप गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोक्लाबाङ, तेह्रथुम
कोशी प्रदेश, नेपाल

नियमावली २०६४ संशोधन सहित, फेदाप गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८० तथा अन्य प्रचलित ऐन नियम बमोजिम हुनेछ

२०. बोलपत्र सम्बन्धी केही थप कुरा बुझ्नु पर्ने भएमा कार्यालयको वेवसाइट **www.phedapmun.gov.np** वा कार्यालय समयमा ९८५२०८०६०० मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

<u>तपसिल</u>

| सि. नं. | विवरण | ठेक्का नं. | मू.अ.कर बाहेक अनुमानित मूल्य | धरौटी रकम | कै. |
|---|---|---|---|---|---|
| १ | औषधि तथा सर्जिकल सामान | PMRM 02/080/81 | ३०,६५,१९१/- | ७७,०००/- | |

प्रमुख प्रशासकीय अधिकृत

विष्णुप्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत